का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० मंसिर २०८२
बुधबार
26 November 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न्
वर्ष २३, अंक २८६ । पृष्ठ ८ Madhyanha National Daily madhyanhadaily.com

# थन्किएका भ्रष्टाचारका फाइल खोल्दै सरकार

## सम्पति शुद्धीकरण अनुसन्धान विभागमा पेन्डिङ रहेका करिब साढे ७ सय उजुरीमाथि अघि बढ्यो अनुसन्धान




"वर्तमान सरकार आन्दोलनको रापतापपछि सुशासनको क्षेत्रमा काम गरौं भनेर आएको सरकार हो । तर सुशासनको लागि काम गर्न खोज्दा दबाब आउँदो रहेछ । तथापि सरकारले पेन्डिङ फाइल अगाडि बढाउँदै छ ।"

**सुशीला कार्की**
**प्रधानमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

सरकार थन्किएका भ्रष्टाचारजन्य फाइलमाथिको अनुसन्धान अगाडि बढाउनेतिर अग्रसर हुन खोजेको छ । भिभिआइपी र भिआइपी जोडिन सक्ने विषयमाथिको अनुसन्धान अघि बढे आगामी फागुन २१ मा तय भएको निर्वाचन प्रभावित हुन सक्ने कतिपयको आग्रह र चेतावनीबीच सरकार थन्किएका भ्रष्टाचारका फाइल खोल्नेतिर अग्रसर हुन खोजेको हो ।

२३ कात्तिकमा नक्कली भुटानी शरणार्थी प्रकरणमा ठगी, लिखत किर्ते, राज्यविरुद्ध र संगठित अपराधमा संलग्न फरार एक प्रतिवादी पक्राउ परेका थिए ।

रौतहट फतुवा हर्साह-९ का ४२ वर्षीय निराजन भन्ने निरन्जनकुमार खरेललाई जिल्ला प्रहरी परिसर काठमाडौंले पक्राउ गरेको थियो ।

प्रहरीका अनुसार खरेल ठगी समूहसँग मिलेमतो गरी पीडितहरूबाट असुल गरिएको नगद तथा चेकमार्फत संकलित रकम ओसारपसार गर्ने, गैरकानुनी रूपमा ठगी र कागजात किर्ते गरी रकम हात पार्ने गिरोहमा सक्रिय थिए ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पूर्वगृहमन्त्री वालकृण्ण खाणसमेत प्रतिवादी छन् । टोपबहादुर रायमाझीलगायत ठुलो संख्याका प्रतिवादी जेलमै छन् । राजनीतिक रूपमा यो मुद्दालाई कमजोर पारिएको र अनुसन्धानलाई पूर्णता नदिएको टिप्पणी भइरहेका बेला सरकारले यसमा संलग्नमाथि पुनः अनुसन्धान सुरु गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार यीसहित थन्किएका भ्रष्टाचारका करिब २० वटा फाइलमाथि अनुसन्धान अगाडि बढेको छ ।

> विगतमा थन्किएका र अहिले अनुसन्धान अघि बढेका फाइलहरूमा बैंकिङ क्षेत्र, सहकारी क्षेत्र, वित्तीय संस्था, करछली र क्यासिनोसँग सम्बन्धित ज्यादा छन् । यी फाइलका आरोपितहरूमा राजनीतिक र व्यापारी पृष्ठभूमिका व्यक्ति छन् ।

यही १ मंसिरमा प्रधानमन्त्री सुशीला कार्की नागरिक समाजका अगुवाहरूसँग छलफलमा बसेकी थिइन् । सो छलफलमा समेत प्रधानमन्त्री कार्कीले आफू चुनावसँगै सुशासन कायम गर्नसमेत आएको दाबी गरेकी थिइन् ।

'आन्दोलनको रापतापपछि सुशासनको क्षेत्रमा काम गरौं भनेर आएको हो । तर सुशासनका लागि काम गर्न खोज्दा दबाब आउँदो रहेछ' प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'तथापि सरकारले १९/२० वटा फाइल अगाडि बढाउँदै छ ।'

प्रधानमन्त्री कार्कीका अनुसार थन्किएका भ्रष्टाचारका फाइलमाथिको अनुसन्धानको काम सिआइबीले गरिरहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतले गरिरहेको छ । भ्रष्टाचारमाथि छानबिन नगर्न दबाब आए पनि आफू नझुक्ने प्रधानमन्त्री कार्कीको दृढता छ ।

सिआइबी र अख्तियारबाहेकका निकायबाट समेत थन्किएका भ्रष्टाचारका फाइलमाथि अनुसन्धान अगाडि बढेका छन् । सम्पत्ति शुद्धीकरण अनुसन्धान >>> पृष्ठ २ मा

# अघि बढे ईश्वर 'ब्याकअप'मा विद्या



**नवौं महाधिवेशनमा अध्यक्ष केपी ओलीकै टिमबाट उपाध्यक्ष भएका ईश्वर पोखरेल १०औं महाधिवेशनमा वरिष्ठ उपाध्यक्ष बनेका थिए । अहिले उनी ओलीकै सबैभन्दा निकट रहेकी नेता विद्या भण्डारीको समर्थनमा ओलीलाई टक्कर दिने तयारीमा छन् ।**



"अहिलेको आवश्यकता पार्टीलाई एकताबद्ध बनाएर लैजाने हो तर कसैले महाधिवेशनमा प्रतिस्पर्धा गर्छु भने प्रतिस्पर्धा गर्न एमाले खुला छ ।"

**प्रदीप ज्ञवाली**
**उपमहासचिव**



"महाधिवेशन प्रतिनिधि छनोटको काम सकेपछि उम्मेदवारीका विषयमा छलफल हुन्छ । बहुसंख्यक महाधिवेशन प्रतिनिधिले विवेकपूर्ण ढंगबाट नेतृत्व चयन गर्नुहुनेछ ।"

**गोकर्ण विष्ट**
**सचिव**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

नेकपा एमालेभित्र कुनैबेला सबैभन्दा निकट रहेका अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्या भण्डारीबीच यतिबेला बोलचाल बन्द छ । २०८१ साल वैशाखमै पार्टी सदस्यता नवीकरण गरेर पार्टीको सक्रिय राजनीतिमा फर्किने साइत कुरेर बसेकी भण्डारीको चाहना ओलीकै उत्तराधिकारी हुने थियो । तर तेस्रो कार्यकाल पनि नेतृत्वमा रहने ओलीको इच्छालाई भण्डारीले नबुझिदिएपछि ओलीले भण्डारीको सदस्यता नवीकरण गरिदिएनन् ।

राष्ट्रपति भइसकेको व्यक्तिलाई पार्टीमा ल्याउन नहुने तर्क स्थापित गरेर पार्टीको बहुमतबाट भण्डारीको संगठित सदस्यता रोकियो । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीकै डिजाइनमा पार्टी केन्द्रीय समितिले निर्णय गरेर भण्डारीको सदस्यता 'होल्ड' गरेपछि केपी-विद्याबीच पानी बाराबारको स्थिति बनेको छ । पार्टी अध्यक्ष हुने महत्वकांक्षा पूरा नभएपछि वैकल्पिक नेतृत्वको खोजीमा भण्डारीले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई अघि बढाएकी छन् ।

यही अवस्थामा ११औं महाधिवेशनमा भाग लिनसमेत नपाउने भएकी विद्याले पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई आफ्नो उम्मेदवार बनाएर अघि बढेकी हुन् । विद्याको साथ पाउँदा पोखरेलले मंसिर २७-२९ का लागि तय भएको महाधिवेशनमा अध्यक्षको उम्मेदवारबाट पछि नहट्ने दृढता व्यक्त गरेका छन् । उनी मंगलबार आधिकारिक रूपमै पार्टी अध्यक्षको उम्मेदवारी घोषणा गरेरै अघि बढेका छन् ।

नवौं र १०औं महाधिवेशनदेखि निरन्तर अध्यक्ष बनेका ओलीले आफ्नै लागि पार्टीको विधानमा भएको नेतृत्वका लागि ७० वर्ष उमेर हद र दुई कार्यकालको व्यवस्था उल्ट्याएका छन् । यस विषयमा पार्टीभित्र पाखरेलसहितका शीर्ष नेताहरूले ओलीलाई साथ नदिए पनि केन्द्रीय समितिको बहुमतबाट पारित भइसकेको छ । ११औं महाधिवेशनमा ओलीलाई रोक्न सक्ने कसैको ताकत नहुने नेता महेश बस्नेत बताउँछन् । पार्टी र नेतृत्वमाथि चौतर्फी हमला भइरहेका बेला यसपटक देखाउनकै लागि पनि ओलीलाई अध्यक्ष बनाएरै छाड्ने घोषणा गरेर उनी प्रदेशस्तरीय भेलामा भाषण गर्दै हिँडेका छन् ।

नवौं महाधिवेशनमा ओलीकै टिमबाट उपाध्यक्ष निर्वाचित भएका पोखरेललाई उनैले १०औं महाधिवेशनमा विशेष पद सिर्जना गरेर सर्वसम्मत वरिष्ठ उपाध्यक्ष बनाए । बितेको एक दशकमा ओलीको पक्षमा निरन्तर उभिएका पोखरेल अहिले पूर्वउपाध्यक्ष भण्डारीको बलियो समर्थनमा ओलीमाथि नै चुनौती बनेका हुन् ।

महाधिवेशनको पूर्वसन्ध्यामा एमालेले देशभरबाट महाधिवेशन प्रतिनिधि छनोटको तयारी गरिरहेको छ । प्रतिनिधि छनोटदेखि नै आफ्नो पक्ष हावी गराउने संस्थापनको रणनीति देखिन्छ । तर पोखरेलका पक्षमा देखिएका नेताहरू पनि कमजोर छैनन् । यद्यपि महाधिवेशनमा नेताहरू बलिया देखिए पनि गुटगत हिसाबबाट प्रतिनिधिको संख्यात्मक अवस्थाले नेतृत्वको निर्धारण गर्ने नेताहरूले बताएका छन् । 'देशभरका महाधिवेशन प्रतिनिधिले रुचाएको व्यक्ति नै नेतृत्वमा पुग्ने हो,' एमाले सचिव गोकर्ण विष्टले भने, >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# दलालको फन्दामा परेर युरोप, बिचल्लीमा नेपाली कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ मंसिर

दलालहरूको झुटो सपनामा परेर लाखौं खर्च गरी युरोपेली मुलुक पुग्ने नेपालीहरूको ठुलो समूह बिचल्लीको अवस्थामा पुगेको छ । दलालहरूको भनाइमा विश्वास गरेर रोमानिया, बुल्गेरिया, बोस्निया र स्लोभाकिया पुगेका नेपालीसहित भारतीय श्रमिकहरूको ठुलो संख्या समस्यामा परेको पीडितहरूको भनाइ छ ।

हालै स्लोभाकियाबाट फर्केका बागलुङका नवीन श्रीसका अनुसार नेपाल र भारतका धेरै एजेन्टहरूले '३ महिनाको भिसा, त्यसपछि टिआरसी भनिने टेम्पोररी रेसिडेन्ट कार्ड, दैनिक ८ घण्टा काम, न्यूनतम ९ सय युरो तलब, बोनस, ओभरटाइम, बसोबास-ट्रान्सपोर्ट फ्रि' जस्ता आकर्षक प्रचार गरेर झुक्याएर पठाउने गरेको बताए । उनले आफूहरू दलाललाई १६ लाख रुपैयाँ दिएर स्लोभाकिया गएको, तर त्यहाँ मुस्किलले ५ सय युरो बचाउन नसकेपछि घर फर्केको बताए । स्लोभाकियामा >>> पृष्ठ २ मा

## प्रवासी नेपालीलाई मताधिकारको व्यवस्था गर्न माग

**काठमाडौं/मस-** नेपाल जेनजी फ्रन्टले प्रवासी नेपाली नागरिक तथा देशभित्र गृहजिल्ला बाहेकका जिल्लामा बसोबास गरिरहेका नेपालीलाई मताधिकारको व्यावहारिक पहुँच प्रदान गर्नुपर्ने माग गर्दै निर्वाचन आयोगलाई मागपत्र बुझाएको छ । >>> पृष्ठ २ मा

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: TAGZIA GROUP COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ चलानी नं.: ६०२४७७५३ LT. No.: 334294

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Cook | 10 | 0 | | 130 | ६०,२५५ | | | | | | | |
| 3. | Cleaner/Steward | 20 | 0 | | 100 | ४६,३५० | | | | | | | |
| 4. | Waiter/Waitress | 20 | 30 | | 140 | ६४,८९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail: info@habibirecruitment.com
Website: www.habibirecruitment.com

# जेनजी–एमाले टकराव

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, ९ मंसिर



जेनजी समूह र नेकपा एमालेका कार्यकर्ताबीच बारामा भएको झडप ताजै छ । एमाले महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत सिमरा नओर्लिंदै दुई पक्षबीच झडप भयो । सोही कारण दुई दिनसम्म सिमरा क्षेत्र तनावग्रस्त बन्न पुग्यो । त्यो घटना सेलाउन नपाउँदै जागरण सभाका लागि सुर्खेतको वीरेन्द्र नगर पुगेका बस्नेतविरुद्ध जेनजी समूहले विरोध प्रदर्शन गरे । उनी पार्टीको भ्रातृ संगठन राष्ट्रिय युवा संघको जागरण अभियानमा सहभागी हुन मंगलबार बिहान सुर्खेत पुगेका थिए । युवा संघको कार्यक्रमलाई सम्बोधन गर्न नेता बस्नेतसहित एमाले उपमहासचिव प्रदीप ज्ञवाली, युवा संघका अध्यक्ष क्षितिज थेबे, वकिल बमलगायत नेता सुर्खेत पुगेका थिए । जेनजी समूहले त्यहाँ पनि विरोध प्रदर्शन गरे ।

जेनजी आन्दोलनकारी र एमालेबीच भएका यी पछिल्ला टकराव मात्र हुन् । २३-२४ भदौको आन्दोलनले सत्ता उलटफेर गरेपछि आन्दोलनकारी र एमाले आमनेसामनेजस्तै हुँदै आएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दर्ता नभएरै सञ्चालन भइरहेको भन्दै सामाजिक सञ्जाल बन्द गराएपछि नै युवा पुस्ता विरोधमा थियो । युवाहरूको भ्रष्टाचारविरुद्धको आन्दोलनमा यो मुद्दा पनि जोडिएपछि यसले अर्कै मोड लिएको थियो । त्यसरी सुरु भएको मनमुटाव अहिले पार्टीका सभा रोक्ने तहमा आइपुगेको छ ।

ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिएर पार्टीको नेतामा सिमित हुँदासम्म पनि आन्दोलनकारीको निशानामा एमाले परिरहेको छ । चुनाव घोषणा भइसकेको पृष्ठभूमिमा पार्टी कार्यक्रम रोक्ने र नेतालाई छेक्ने कार्यले थप झडपको जोखिम पनि बढाएको छ । जेनजी नेता रक्षा बमले एमाले पार्टीले जेनजी पुस्ताले आन्दोलनपछि ल्याएको परिवर्तन नस्विकारेको बताइन् । 'जेनजीहरू त उहाँको पार्टीमा पनि हुनुहुन्छ तर जेनजीले ल्याएको परिवर्तन उहाँले स्वीकार्न चाहनु भएको छैन,' उनले भनिन् ।

एमाले अध्यक्ष ओली र उनका कार्यकर्ताले जेनजी समूहप्रति गरेका कटाक्ष, टीकाटिप्पणी सामाजिक सञ्जाल र सार्वजनिक कार्यक्रममा बढ्दै गइरहेको छ । अर्कोतर्फ जेनजी समूहहरू पनि आक्रामक बन्दै गइरहेका छन् । तत्कालीन ओलीलगायत मुख्य दलका शीर्ष नेताले जेनजी आन्दोलनले ल्याएको परिवर्तन स्विकार्नुपर्ने सो समूहको अडान छ । राजनीतिक विश्लेषक भीम भुर्तेलले एमाले पार्टीले खुलेरै जेनजी आन्दोलनलाई नस्वीकारेको बताउँछन् । 'जेनजीलाई स्वीकार्दैनौं भन्न पाउने एमालेको अधिकार को कुरा हो, त्यो स्वाभाविक नै छ,' उनले मध्यान्हसँग भने, 'त्यसका परिणाम पनि आफैंले स्वीकार्ने हो । जेनजी पुस्ताले निर्वाचनमा चुनाव जितेर प्रतिनिधि सभामा गयो भने एमाले पार्टीलाई स्विकार्न करै लाग्छ ।'

जबसम्म जेनजीले ल्याएको परिवर्तनलाई एमाले पार्टीले स्विकार्दैन, तबसम्म बहिष्कार भइरहने नेता बमको टिप्पणी छ । 'जेनजीले ल्याएको परिवर्तनलाई एमाले पार्टीले अराजक, आतंककारीको संज्ञा दिइएको छ, त्यो हामीलाई स्वीकार्य छैन' उनी भन्छिन्, 'हामीले त स्पष्ट आह्वान गरेकै छौं, निर्वाचनमा जाऔं । तर उहाँहरू चाहनु हुँदैन । हामीले बहिष्कार गर्ने भए त अन्य पार्टीलाई पनि गर्थ्यौं होला त ?' जेनजीको शान्तिपूर्ण मागलाई एमालेका कार्यकर्ताहरूले बिथोल्न खोज्ने, भाँड्नेलगायतका कार्य भएको उनको आरोप छ । एमाले पार्टीले जेनजी समूहलाई लक्षित गरेर दिएका नकारात्मक प्रतिक्रिया नै वहिष्कारको मुख्य कारण भएको उनी बताउँछिन् ।

एमालेका निवर्तमान प्रमुख सचेतक एवं केन्द्रीय सदस्य महेश बर्तौलाले जेनजी समूहहरूले लगाएको अरोप वाहियात भएको टिप्पणी गरे । देशको आगामी नेतृत्व जेनजी पुस्ता नै भएकाले उनीहरूको सिर्जनशील कामलाई साथमा लिएर नेकपा एमाले अगाडि बढेको उनको दाबी छ । जेनजीहरूको भावना एमालेले मात्रै बुझेको उल्लेख गर्दै बर्तौलाले भने, 'जेनजी समूहहरूसँग मेलमिलाप, सहिष्णुता, समन्वय कायम गरेर नेकपा एमाले अगाडि बढ्न चाहेको छ । तर केही अराजकतावादीले भ्रम फैलाइरहेका छन् ।' पार्टीले आयोजना गरेको सभा बिथोल्न जेनजी समूह नभएर अरू नै घुसपैठ हुने गरेको उनको आरोप छ । जेनजी पुस्तासँग पार्टीको कुनै प्रतिशोध र पूर्वाग्रही नभएको उनी बताउँछन् ।

# राँचीमा आठौं अन्तर्राष्ट्रिय पत्रकार सम्मेलन



**इसत्याक अहमद / मध्यान्ह**
झारखण्ड, ९ मंसिर

इण्डियन जर्नलिस्ट्स एसोसिएसनद्वारा झारखण्डको राँचीमा आयोजित आठौं अन्तरर्राष्ट्रिय पत्रकार सम्मेलन तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथिका रूपमा सांसद तथा पूर्व मन्त्री सबोद कुमार सिंह र राज्यसभा सांसद दीपक प्रकाश उपस्थित थिए ।

वक्ताहरूले एसोसिएसनले पत्रकारिता क्षेत्रमा उन्नति, पत्रकारको हकहितको संरक्षण तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि पुऱ्याउँदै आएको भूमिकाको प्रशंसा गरेका थिए । नेपालबाट सहभागी पत्रकार मोहम्मद अजाद बसिरुद्दिन अजादलाई कार्यक्रममा सम्मान गरिएको थियो । विशिष्ट अतिथिको रूपमा नेपालबाट सहभागी मधेश प्रदेशसभा सदस्य ललिता दास विद्रोहीलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा सहभागी वक्ताहरूले नेपाल-भारतका सञ्चारकर्मीबीचको सहकार्य अझ मजबुत बनाउनुपर्नेमा जोड दिएका थिए ।

एसोसिएसनका राष्ट्रिय अध्यक्ष सेराज अहमद कुरैशीले पत्रकार सुरक्षा, हकअधिकार तथा पेशागत क्षमताको अभिवृद्धिका लागि संस्था निरन्तर प्रतिबद्ध रहेको उल्लेख गर्दै विभिन्न राज्यका पत्रकारहरूले भोग्नुपरेका समस्यामा संस्था निरन्तर आवाज उठाउँदै आएको बताए । नेपाल-भारतका पत्रकारहरूलाई साझा मञ्चमा जोड्नु आवश्यक रहेको कुरैशीले बताए ।

कार्यक्रममा बोल्दै ललिता दास विद्रोहीले इण्डियन जर्नलिस्ट्स एसोसिएसनले पत्रकारहरूको मनोबल उकास्ने काम गर्दै आएको उल्लेख गर्दै दुई देशका सञ्चारकर्मीबीचको सहकार्यले नेपाल-भारत सम्बन्ध झनै मजबुत बनेको बताइन् ।

## थन्किएका...

विभागले मात्रै पेन्डिङ रहेका करिब साढे ७ सय उजुरीमाथि अनुसन्धान अघि बढाएको छ ।

विभाग स्रोतका अनुसार थन्किएका फाइलमाथि अनुसन्धान अघि बढेको हो । यसका लागि विभागमा रहेका १५ जनाभन्दा बढी अधिकृतलाई अनुसन्धान अधिकारी तोकिएको छ ।

विगतमा थन्किएका र अहिले अनुसन्धान अघि बढेका फाइलहरूमा बैंकिङ क्षेत्र, सहकारी क्षेत्र, वित्तीय संस्था, करछली र क्यासिनोसँग सम्बन्धित ज्यादा छन् । यसबाहेक ट्रेड आधारित करछलीदेखि रियल इस्टेटमा आधारित करछलीलगायतका विषयसमेत रहेका छन् । यी फाइलका आरोपितहरूमा राजनीतिक व्यक्ति, व्यापारी पृष्ठभूमिका व्यक्ति ज्यादा रहेका छन् । थन्किएका के कस्ता फाइलमाथि अनुसन्धान अगाडि बढाउने भनेर विभागले उपमहानिर्देशकको संयोजकत्वमा उजुरी स्क्रिनिङ कमिटी नै बनाएको थियो । सो कमिटीले स्क्रिन गरेअनुसारका फाइलमाथि विस्तृत अनुसन्धान अघि बढाएको हो ।

## अघि...

'हामी पहिले त महाधिवेशन प्रतिनिधि छनोटको काम टुंग्याउन लागेका छौं । त्यसपछि उम्मेदवारीका विषयमा छलफल हुन्छ ।' महाधिवेशन प्रतिनिधिले विवेकपूर्ण ढंगबाट नेतृत्व चयन गर्ने र त्यो पार्टीमा रूपान्तरणको आवश्यकता पूरा गर्नेगरी हुने उनी बताउँछन् ।

एमालेले मंसिर १३ गते देशभर तथा प्रवासमा एकसाथ महाधिवेशन प्रतिनिधि चयन गर्दै छ । प्रतिनिधि छनोटमा उच्च विवेकको प्रयोग, स्वस्थ, मर्यादित र निर्भयताका साथ सक्रिय सहभागी हुन वरिष्ठ उपाध्यक्ष पोखरेलले आह्वान गरेका छन् । पोखरेलले भनेका छन, 'पार्टी पुनर्गठन र रूपान्तरणका लागि देशभरका साथीहरूले गर्नुभएको आग्रह र सुझावलाई स्वीकार गरेर अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको हुँ । पार्टीका कमरेडहरूको योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी प्रदान गर्दै सामूहिक नेतृत्व र पहलमार्फत नेकपा (एमाले)लाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्न म प्रतिबद्ध छु ।'

गत हप्ता बसेको सचिवालय बैठकमा अध्यक्ष ओलीले पार्टीमाथि चौतर्फी हमला भइरहेको अवस्थामा आफ्नै नेतृत्वमा सर्वसम्मत निर्णय गरेर पार्टीलाई एकताबद्ध बनाएर लैजानुपर्ने बताएका थिए । तर पोखरेलले त्यसको काउन्टरमा कार्यकारी भूमिकाबाट बिदा हुन सुझाव दिएका थिए । जवाफमा ओलीले प्रतिस्पर्धालाई स्वीकार गर्ने तर चुनाव हारेपछि माधव नेपाल र भीम रावलले जस्तो पार्टी नछाड्न भनेका थिए । त्यसलाई ओलीको चेतावनीका रूपमा अर्थ्याउँदै सचिवालयका एक सदस्यले मध्यान्हसँग भने, 'अध्यक्षले ईश्वर कमरेडलाई प्रतिस्पर्धाबाट पछि हट्न संकेत गर्दै माधव र भीम रावलको अवस्थामा पुग्ने चेतावनी दिइसक्नुभएको छ ।' ओलीसँग नवौं महाधिवेशनमा माधव नेपाल र १०औंमा भीम रावलले प्रतिस्पर्धा गरेका थिए । यी दुवै नेता एमाले छाडेर पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीमा पुगेका छन् ।

एमाले उपमहासचिव प्रदीप ज्ञवाली एकताबद्ध भएर अगाडि बढ्ने कुरामै पार्टी, नेता र कार्यकर्ता सबैको कल्याण हुने बताउँछन् । उनले भने, 'अहिलेको आवश्यकता पार्टीलाई एकताबद्ध बनाएर लैजाने हो तर कोही कसैले महाधिवेशनमा प्रतिस्पर्धा गर्छु भन्छ या गर्छ भने त्यस्तो प्रतिस्पर्धा गर्न पनि सकिन्छ भन्ने कुरामा एमाले खुला छ ।'

ओलीलाई सर्वसहमतिमा अध्यक्ष हुन नदिने घोषणा गरेका पोखरेलले महाधिवेशन प्रतिनिधि छनोटपछि प्यानल घोषणा गर्ने तयारी गरेका छन् । उनलाई उपाध्यक्षत्रय अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र सुरेन्द्र पाण्डे, सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्ट, स्थायी कमिटी सदस्य कर्णबहादुर थापालगायत नेताहरूले साथ दिने भएका छन् । ओलीका पक्षमा महासचिव शंकर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिवत्रय पृथ्वीसुब्बा गुरुङ, प्रदीप ज्ञवाली र विष्णु रिमाल, सचिवहरू पद्मा अर्याल र छविलाल विश्वकर्मा, महेश बस्नेत, रामकुमारी झाँक्रीलगायत नेताहरू खुलेर लागेका छन् ।

## दलालको...

'टिआरसी कार्ड' गैर-इयू नागरिकहरूलाई काम, अध्ययन वा पारिवारिक पुनर्मिलन जस्ता विशेष उद्देश्यका लागि अस्थायी रूपमा बस्न दिइने अनुमतिपत्र हो । उक्त कार्ड प्राप्त गर्न स्लोभाकियाको दूतावास वा स्लोभाकियाको विदेशी प्रहरी विभागमा आवेदन दिनुपर्छ । आवेदन दिँदा रोजगार सम्झौता र आवास, आर्थिक हैसियत, स्वास्थ्य परीक्षण जस्ता आवश्यक कागजातहरू पेस गर्नुपर्छ । आवेदन आधिकारिक फारमहरू भरेर सार्वजनिक स्वास्थ्यलाई खतरामा पार्ने रोग छैन भनेर पुष्टि गर्ने मेडिकल रिपोर्ट कार्ड प्राप्त गरेको ३० दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ । तर विभिन्न प्रलोभनमा पारेर नेपालबाट लैजाने दलालले यी प्रक्रिया पूरा नगरिदिने गरेकाले नेपालीहरू समस्यामा पर्ने गरेको श्रीसले बताए ।

स्लोभाकियामा २०२५ जनवरीदेखि नेपाली र भारतीय नागरिकलाई ३ महिनाको भिसा दिइन थालेको हो । एजेन्टहरूले ३ महिनापछि कार्ड बन्ने र स्थायी काम मिल्छ भनेर आश्वासन दिएर विश्वासमा लिए पनि कतिपय एजेन्टहरूलाई कार्ड कसरी बन्छ ? वा कसरी नवीकरण हुन्छ ? भन्ने जस्ता आधारभूत विषयमा जानकारी नहुने गरेका कारण कतिपय त्यहाँ पुग्नेहरू ३ महिनापछि पनि अनिश्चितता र अलमलमा पर्ने गरेको पनि श्रीसको भनाइ छ ।

उनले भने, 'एजेन्टको झुटो आश्वासन नभई त्यहाँ काम गरिरहेका नेपालीबाट काम तलब, अस्थायी कार्डलगायतका विषयमा वास्तविक स्थितिको जानकारी लिएर प्रोसेसमा लाग्नुपर्ने रहेछ ।'

यसैबीच आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीका लागि विभिन्न देशमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाई सम्पर्कविहीन भएका ३ जना व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पीडितहरुले दिएको जाहेरी दरखास्तपछि काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बताएको छ ।

कार्यालयका अनुसार बुल्गेरिया पठाउने भन्दै ७ लाख ५० लिएका काभ्रेपलान्चोक भोटेकोशीका अमृत तामाङ, अल्बानिया पठाउने आश्वासनमा ३ लाख लिएका लमजुङ दोर्दीका पुड्के तामाङ र अमेरिका पठाइदिने भन्दै ४ लाख ५० हजार लिएर बेपत्ता भएका काठमाडौंका विशाल बज्राचार्य पक्राउ परेका छन् ।

## प्रवासी...

फ्रन्टका अभियान समिति सदस्य अमृता वन, कर्णाली प्रदेश सम्पर्क व्यक्ति बिनिता बोगटी, फ्रन्टका सदस्य ऋषि थापा, नवीन विष्ट, आदर्श कर्ण, डायमण्ड शाहीलगायतले आयोगमा उपस्थित भई मागपत्र बुझाएका हुन् । सरकारले कानुनी तथा प्राविधिक जटिलताको बहानामा संवैधानिक हकबाट वञ्चित गर्न नहुने मागपत्रमा उल्लेख छ । आगामी प्रतिनिधि सभा निर्वाचनदेखि नै प्रवासी नेपालीलाई मतदान गर्न पाउने व्यवस्था तत्काल लागू गर्नुपर्ने उनीहरुको माग छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. २७२६९१** को **जन चेतना एग्रो फरेष्ट्री** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिवास, गोरखा**

**स्पेसिफिकेसन सहितको दररेट पेश गर्ने सम्बन्धमा ।**

**सूचना प्रकाशन मिति: २०८२/०८/१०**

चुमनुब्री गाउँपालिकाको आ.व. २०८२/८३ को कृषि औजार खरिद तथा ढुवानी कार्यक्रमका लागि लागत अनुमान तथा स्पेसिफिकेसन तयार प्रयोजनार्थ तपशिल बमोजिमको सामग्रीको स्पेसिफिकेसन सहितको दररेट १५ दिन भित्र कृषि शाखाको ईमेल **chumnubrikrishi@gmail.com** मा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

**तपशिल**

सामाग्रीको नाम: Mini Tiller, Powder Crusher, Multicrop Thresher, Corn Sheller, Oil Expller, Dryer Machine (For Making Apple Chips)

**प्रमुख प्रशासकीय अधिकृत**

# Krishnapur Municipality
# Office of the Municipal Executive
## Gulariya, kanchanpur
## Sudurpaschim provience

## Invitation of Bids

**First Date of Publication: 2082/08/10**

Krishnapur Municipality, Gulariya Kanchanpur Invites electronic bids from eligible bidders for following works under National Competitive Bidding (NCB 1S2E) Procedure.

| Identification No. | Description Of Works | Minimum average Annual construction Turnover (best of 3 out of 10 year) Nrs. | Cost Of bidding Document Nrs. | Bid Security Amount Nrs. |
|---|---|---|---|---|
| 15-HOB-2082/083 | Nigali Birthing Center Building Construction Work, ward no 1 | 2,65,00,000/- | 5,000/- | 4,50,000/- |

| Bank details: Kumari Bank, Gulariya branch | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |
|---|---|
| Bid Security (Dharauti) account:2700248216200004 Internal revenue (Rajaswa) Account: 2700248216200009 | |

1. Last date of bid submission is 2082.09.11 time 12:00 PM and bid opening is 2082.09.11 time 13:00 PM
2. Bidder must submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
3. Municipality reserves all right to accept or reject, wholly or partially any or all the sealed Tender without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# डिजिटल हिंसाविरुद्धको लडाइँमा सबै एक होऔं : सञ्चारमन्त्री

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो परिवेशमा प्रविधिको विकाससँगै महिला तथा बालिकामाथि हुने डिजिटल हिंसा रोक्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघीय नेपाल टिमद्वारा मंगलबार आयोजित 'लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान' को औपचारिक शुभारम्भ गर्दै मन्त्री खरेलले महिला र बालिकाहविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लाखिग सबै एकजुट हुनुपर्नेमा जोड दिए ।




यस वर्षको विश्वव्यापी नारा 'युनाइट टु इन्ड डिजिटल भायोलेन्स अगेन्स्ट अल वुमन एन्ड गर्ल्स' (सबै महिला र बालिकाविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लागि एक होऔं) निकै सान्दर्भिक रहेको भन्दै मन्त्री खरेलले डिजिटल दुनियाँ अब दैनिक जीवनभन्दा अलग नरहेको उल्लेख गरे । उनले प्रविधिले सिकाइ र कामलाई सहज बनाए पनि धेरै महिला तथा किशोरीका लागि यो क्षेत्र अझै पनि जोखिमपूर्ण र असुरक्षित रहेको औंल्याए ।

मन्त्री खरेलले डिजिटल हिंसालाई वास्तविक हिंसाकै रूपमा परिभाषित गरे । 'अनलाइन उत्पीडन, साइबर स्टकिङ, अनुमति बिना तस्बिरको प्रयोग, घृणा फैलाउने अभिव्यक्ति र ट्रोलिङले त्रास र धम्की सिर्जना गर्छ,' मन्त्री खरेलले भने, 'यसले महिलाको आवाज बन्द गराउने, उनीहरूलाई डिजिटल स्थानबाट बाहिर धकेल्ने र अभिव्यक्ति तथा सूचनाको मौलिक हक कुण्ठित गर्ने काम गर्छ ।'

मन्त्री खरेलले अगाडि थपे,'जब हाम्रो आधा जनसंख्या अनलाइनमा सुरक्षित महसुस गर्दैनन्, तब हाम्रो डिजिटल प्रगतिलाई पूर्ण वा निष्पक्ष मान्न सकिँदैन ।'

सञ्चार मन्त्रालयको मिसन पूर्वाधार निर्माण र सेवा विस्तारमा मात्र सीमित नभई प्रत्येक नेपाली नागरिकका लागि सुरक्षित, समावेशी र सशक्तीकरण गर्ने डिजिटल इकोसिस्टम निर्माण गर्नु रहेको मन्त्री खरेलले स्पष्ट पारे ।

उनले राष्ट्रिय साइबर सुरक्षा केन्द्रले जनचेतनाका लागि काम गरिरहेको र हालै राष्ट्रिय एआई सेन्टरको स्थापनाले भविष्यमुखी डिजिटल नेपाल निर्माणप्रतिको प्रतिबद्धता देखाएको उल्लेख गरे । प्रविधिको क्षमतासँगै यसको जिम्मेवार प्रयोग सुनिश्चित गर्नु मन्त्रालयको मुख्य प्राथमिकता रहेको उनको भनाइ थियो । डिजिटल हिंसाविरुद्धको लडाइँ सरकार एक्लैले जित्न नसक्ने भन्दै मन्त्री खरेलले कानुनी र नीतिगत ढाँचालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले पीडितलाई न्याय दिलाउन र पीडकलाई जवाफदेही बनाउन साइबर कानुनको समीक्षा गरिने जानकारी दिए ।

साथै, शिक्षा क्षेत्रसँग सहकार्य गर्दै पाठ्यक्रममा डिजिटल साक्षरता समावेश गर्ने, निजी क्षेत्र र नवप्रवर्तकलाई सुरक्षित प्लेटफर्म विकास गर्न प्रोत्साहन गर्ने तथा तीनै तहका सरकार, संयुक्त राष्ट्रसंघ र नागरिक समाजसँग सहकार्य बढाउने योजना पनि उनले अघि सारे । मन्त्री खरेलले डिजिटल नेपाल सबैका लागि सुरक्षित हुनुपर्नेमा जोड दिए । उनले भने,'डिजिटल स्थानलाई सुरक्षित र उज्यालो बनाउन हामी संकल्प गरौं । हामी यस्तो इन्टरनेट निर्माण गरौं जहाँ आवाजहरू दबाइने होइन, बुलन्द पारियोस्, जहाँ सम्भावनाहरू डरले थुनिने होइन, खुला गरियोस् ।'

## वृन्दावनमा महिलाको हत्या
# खाडल खनेर गाडिएको अवस्थामा शव फेला

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ मंसिर



रौतहटको वृन्दावन नगरपालिका-९ भुसाहामा २५ वर्षीया महिलाको आफ्नै परिवारका सदस्यहरूले हत्या गरेको घटना बाहिरिएको छ । भुसाहा निवासी शेख आदिलकी पत्नी तरीमा खातुनको सोमबार राति हत्या गरी घरमै भुस राख्ने स्थानमा खाडल खनेर गाडिएको अवस्थामा शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोली घटनास्थल पुगेको थियो । प्रहरी उपरीक्षक रविन कार्कीले खातुनको शव पुरिएको अवस्थामा भेटिएको पुष्टि गरेका छन् । मृतकका श्रीमान् शेख आदिल वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा रहेका छन् । घटनापछि खातुनका ससुरा शेख अलि मोहम्मदसहित घरका सबै सदस्यहरू फरार रहेको प्रहरीले जनाएको छ । फरार हुनेहरूले मृतककी डेढ वर्षीया छोरी मोहम्मद आरिफलाई समेत साथमा लगेका छन्, र उनीहरूको खोजी तीव्र पारिएको छ ।

मृतक खातुनको माइती घर गुजरा नगरपालिका-७ पल्टुवामा पर्दछ । वृन्दावन-९ का वडाध्यक्ष प्रवेज आलमका अनुसार गत कात्तिक १८ गते माइतीमा विवाह समारोहका क्रममा खातुन नातामा भतिजो पर्ने गुड्डु भनिने शेख अलाहुदिनसँग अनैतिक सम्बन्धमा रहेको अवस्थामा भेटिएकी थिइन् । त्यसपछि दुवैजनालाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको थियो । मृतकका बुबा ताज मोहम्मदका अनुसार दुवैले विवाह गर्ने मौखिक सहमति जनाएपछि ससुरा शेख अलि मोहम्मदको जिम्मामा अलाहुदिन र खातुनलाई छाडिएको थियो ।

हत्या हुनुअघिको रात खातुनका भाइ शेख आस मोहम्मद(जसको ससुराली दिदीकै घरमा पर्छ) दिदीको घरमा रहेका थिए । उनका बुबा ताज मोहम्मदका अनुसार सोमबार राति आसले दिदीमाथि हिंसात्मक व्यवहार भइरहेको देखेका थिए । विरोध गर्न खोज्दा परिवारका सदस्यहरूले 'हल्ला गरे तिमीलाई पनि मारिदिन्छौं' भन्दै धम्की दिएपछि आस मोहम्मद घरबाट भागेका थिए । भाग्दै गर्दा दिदीमाथि भएको घटनाको प्रमाणस्वरूप तस्बिर माइतीतर्फ पठाएको र त्यसकै आधारमा घटना बाहिर आएको हो ।

प्रहरीको प्रारम्भिक अनुसन्धान र घटनास्थलको मुचुल्काअनुसार खातुनको दाहिने खुट्टामा चोट लागेको छ भने टाउकोमा हतियार प्रयोग भएको चोट देखिएको छ ।

प्रहरीले घटनास्थलबाट एक थान चक्कु समेत बरामद गरेको छ । मृतक खातुनको शव पोष्टमार्टमका लागि चन्द्रनिगाहपुर अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घटनामा संलग्न फरारको खोजी तीव्र पार्नुका साथै घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## जेनजी समूहले परिवर्तन
# गाउँपालिकामा बुझायो १६ बुँदे ज्ञापनपत्र

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ९ मंसिर

रोल्पाको परिवर्तन गाउँपालिकालाई जेनजी समूहले १६ बुँदे ज्ञापनपत्र बुझाएको छ । मंगलबार जेनजी समूहले गाउँपालिकाभित्र रहेका विभिन्न समस्याहरूको समाधानको मागसहित १६ बुँदे ज्ञापनपत्र बुझाएको हो ।

परिवर्तन गाउँपालिका जेनजी समूह संयोजक चुडामणि केसी र जेनजी प्रतिनिधि खुम रिजालको नेतृत्वमा करिब २२ जनाको टोली पुतलाचौरस्थित गाउँपालिका कार्यालय पुगेको थियो । गाउँपालिका अध्यक्षको कार्यकक्षमै अध्यक्ष सुकबहादुर बुढा मगर, उपाध्यक्ष कलादेवी खत्रेनी, प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी र प्रवक्ता हरिप्रसाद बुढा मगरको उपस्थितिमा ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्रमा गाउँपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण जग्गा तथा भवन नामसारी गरी सार्वजनिकिकरण गर्नुपर्ने, गाउँपालिकामा रहेका सरकारी सवारी साधनको विवरण सार्वजनिक गर्नुपर्ने, सामुदायिक विद्यालयमा लिइने रजिस्ट्रेशन शुल्क तथा चारित्रिक प्रमाणपत्र शुल्क नियमन गरी चर्को शुल्क बन्द गर्नुपर्ने माग राखिएको छ ।

त्यसैगरी गाउँपालिकाबाट सञ्चालित योजनाहरू टेन्डर प्रक्रिया मार्फत पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी ढंगले सञ्चालन गर्नुपर्ने, गाउँपालिकाबाट गठित खेलकुद विकास समिति र युवा सञ्जाल खारेज गरी सम्पूर्ण युवाको सहभागितामा पुनर्गठन गर्नुपर्ने, सामुदायिक विद्यालयमा कार्यरत वालविकास शिक्षक, कार्यालय सहयोगी तथा विद्यालय कर्मचारीलाई संघीय सरकारले तोकेको तलब-सुविधा उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

शिक्षा तथा मानव संशाधन विकास केन्द्रद्वारा जारी प्रधानाध्यापक नियुक्तिसम्बन्धी पत्र लागू गर्नुपर्ने, प्रदेश लोकसेवा आयोगद्वारा तोकिएको दरबन्दी अनुसार कर्मचारी माग गरी स्वास्थ्यकर्मीलगायतलाई स्वास्थ्य संस्थामा फिर्ता गर्नुपर्ने, युवा स्वरोजगार कार्यक्रमअन्तर्गत वितरण गरिएको सापटी-अनुदानको सर्वपक्षीय अनुगमन गरी अवस्था सार्वजनिक गर्नुपर्ने माग समेटिएको छ । नगर प्रहरी गठन र यसको प्रभावबारे स्पष्ट जानकारी दिनुपर्ने, कृषि उत्पादनको बजार सुनिश्चितता तथा न्यूनतम मूल्य निर्धारण गर्नुपर्ने, अवैध रुपमा सञ्चालन भइरहेका क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउनुपर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउँदै त्रैमासिक रूपमा निरन्तर सञ्चालन गर्नुपर्ने माग पनि उठाइएको छ ।

मा.वि. कोल्वोट नाफेसम्बन्धी आर्थिक अनियमिततामा प्रश्न उठिरहे पनि गाउँपालिका मौन बसेको आरोप गर्दै सर्वपक्षीय छानबिन समिति गठन गर्नुपर्ने, गाउँपालिकाबाट हुने शिक्षक नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउने र भत्ता प्रक्रियालाई बैंकिङ प्रणालीमा जोडेर आर्थिक अनियमितता रोक्नुपर्ने, शिक्षा, स्वास्थ्य, प्रशासनलगायतका कार्यालयमा देखिएका अनियमितताहरू तत्काल सम्बोधन गर्नुपर्ने मागहरू पनि ज्ञापनपत्रमा समेटिएका छन् ।

ज्ञापनपत्र बुझ्दै गाउँपालिका अध्यक्ष सुकबहादुर बुढा मगरले जेनजी समूहले उठाएका मागहरू जायज रहेको टिप्पणी गरे । उनले भने, 'तपाईंहरूले उठाएको मुद्दा जायज छ । तपाईंहरूको माग मंसिर २१ गतेसम्मको डेटलाइनमा छ, यो अवधिभित्र अफिसियल रूपमा भहभचअष्कभ गर्छौं र तपाईंहरूलाई वार्तामा बोलाउँछौं ।' अध्यक्षले कुनै पार्टीबाट हाइज्याक नभई निष्पक्ष रूपमा अघि बढ्न आग्रह पनि गरे ।

# विवाह पञ्चमीको अवसरमा गोरुदौड

**मनु यादव निरज/मध्यान्ह**
लहान, ९ मंसिर

विवाह पञ्चमीको अवसरमा सिरहामा परम्परागत गोरुदौड प्रतियोगिता सम्पन्न भएको छ । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-५ स्थित इटहर्वा बलान नदीमा प्रत्येक वर्षझैं यस वर्ष पनि उत्साहपूर्वक गोरुदौड प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा सिराहा र सप्तरीका दर्जनौं प्रतियोगीहरू आफ्ना गोरु-बैलगाडीसहित सहभागी भएका थिए ।



नेपाली कांग्रेसका नेता सूर्य नारायण यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बलान बिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव विशिष्ट अतिथि थिए । त्यस्तै कार्यक्रममा इलाका प्रहरी कार्यालय महेश्वरीका इन्चार्जसहितको सुरक्षाटोली पनि उपस्थित थियो । प्रतियोगितामा सप्तरीको बलान बिहुल गाउँपालिका-४ बेलहीका विजय यादवको गोरु (बैल) प्रथम भएको छ ।


## भट्टराई बन्धुहरूमा देवाली (कुलपूजा) का लागि
## ।। हार्दिक निमन्त्रणा ।।

**भट्टराईहरुको कुल पूजा (देवाली) मिति २०८२ मंसिर ११ गते बिहीबारदेखि सुरु भई २०८२ मंसिर १८ गते बिहीबार सम्पन्न हुने भएकाले कुल पूजामा यहाँ र यहाँका परिवार समेत सरिक भई कुलको दर्शन र प्रसाद ग्रहण गरी आर्शिवाद लिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।**

**स्थान : नागार्जुन न.पा.वडा नं. ९, स्यूचाटार, भट्टराईगाउँ, भुवनेश्वरी मन्दिर परिसर, काठमाडौं    सम्पर्क नं.: ९८५१०६८१९३, ९८४३५५३५९८**



## टेण्डर आह्वान सम्वन्धी सूचना

### जनसूचना स्वावलम्बन पर्यावरण संरक्षण सहकारी संस्था लि.

**बुढानीलकण्ठ**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/१०**

यस जनसूचना सहकारी संस्था लि. ले तपशिलमा निर्दिष्ट विवरणको १ थान सामान ढुवानी गर्ने विद्युतिय गाडी खरिद गर्न लागेको हुँदा नेपाल सरकारमा दर्ता भएका कम्पनी/संस्था/विक्रीकर्ताले आफूले विक्री गर्ने गाडीको भ्याट सहितको मुल्य बोलकबोल गरेर यस जनसूचना सहकारी संस्थाको कार्यालय, बुढानीलकण्ठ नपा २, भंगालमा सूचना प्रकाशित भएको मितिले १२ दिनभित्र कार्यालयको समयभित्र टेण्डर प्रस्ताव पेश गर्न हुन अनुरोध छ। टेण्डर प्रस्तावको साथमा कम्पनी/संस्था/विक्रीकर्ताको दर्ता प्रमाण-पत्र, ०८०/८१ को करचुक्ता तथा भ्याटमा दर्ता भएको प्रमाण-पत्र सम्लग्न राखी बुझाउन हुन अनुरोध छ। त्यसरी प्राप्त भएका प्रस्तावहरु मध्ये योग्य तथा कम मुल्य बोलकबोल गर्ने कुनै एक कम्पनी/संस्था/विक्रीकर्तालाई छनौट गरी सोहीसँग गाडी खरिद गरिने छ। मापदण्ड तथा नियम नपुगेका र समय सिमा भन्दा पछाडि आएका टेण्डरलाई मान्यता दिइने छैन ।

सूचना प्रकाशित भएको मिति : २०८२/०८/१०
प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०८२/०८/२१
समय : साँझको ४: बजे

Specifications: Battery- Lithium lon Iron phosphate (LFP) battery; Min Battery capacity-; Max power-27 kw; Max Torque-130 Nm; Suspension- Rigid front and Rear suspension- with Leaf springs; Ground clearance-160 mm; Min Dimensions-2400x1470x300 mm; Payload-650 kg; Min Load body-8Fx4.8F; HV battery warranty-6 year/160000 Km*(Whichever is earlier); Vehicle Warranty-3 Year/125000 Km* (Whichever is earlier).

**सम्पर्क व्यक्तिको नामः दिक्षा थापा, फोन नं: ९८४९४७६४२२**



# डोल्पो बुद्ध गाउँपालिका

དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

**(तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०८/१०)**

डोल्पो बुद्ध गाउँपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ एवं आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फ सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन,२०८२ अनुसार स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अनुसार "म स्वास्थ,मेरो समुदाय स्वास्थः घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" का लागि देहायको संख्या र योग्यता भएका कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले तेश्रो पटक यो सूचना प्रकाशित भएको मितिले ७ (सात ) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट) कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२/८३ | जनस्वास्थ्य अधिकृत | सातौं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | १ |

**क) जनस्वास्थ्य अधिकृतका लागि शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक,
२. न्यूनतम योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट ) जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक उत्तीर्ण गरेको,
३. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,
४. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,
५. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

**(ख) सेवा, सुविधाः -** नियमानुसार,
**(ग) परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता,
**(घ) दरखास्त पाइने स्थानः** डोल्पो बुद्ध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (प्रशासन शाखा) डोल्पा,
**(ङ) दरखास्त दिने अन्तिम मितिः** २०८२/०८/१६ गते,
**(च) दरखास्त दस्तुरः** रु ११०० ।
**(छ) आवेदनका साथ थप संलग्न कागजातहरूः** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरुः-
१. नेपाली नागरिकता, २. न्यूनतम शैक्षिक योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) को प्रमाणपत्रको प्रतिलिपि, ३. २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,
**(ज) परीक्षा सञ्चालन मिति र स्थानः** सूचना मार्फत जानकारी गराइनेछ ।

नोटःथप जानकारीका लागि डोल्पो बुद्ध, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१० मंसिर २०८२ बुधबार
26 November 2025 Wednesday

## सम्पादकीय

# अब सरकारको परीक्षा

प्रमुख राजनीतिक दलहरू चुनावका लागि तयार भएका छन् । निर्वाचन आयोगले तय गरेको तालिकाअनुसार समयभित्रै नेपाली कांग्रेस, नेकपा एमालेसहितका शक्ति निर्वाचन प्रयोजनका लागि दल दर्ता प्रक्रियामा सहभागी भए । जेनजी आन्दोलनबाट सत्ताच्युत भएका कांग्रेस र एमाले नै चुनावका लागि तयार हुने सकारात्मक पक्ष हो । किनभने यी दुवै दलभित्र प्रतिनिधि सभा पुनर्स्थापना हुनुपर्छ भन्ने मत छ । पार्टीभित्रको अन्तरविरोधका बाबजुद कांग्रेसले चुनावको पक्षमा निर्णय लिएको छ । तथापि कांग्रेसका तर्फबाट विघटित प्रतिनिधि सभाका केही सदस्य पुनर्स्थापनाको माग लिएर अदालत जाने तयारीमा छन् । नेकपा एमालेले त सोमबार नै सर्वोच्च अदालतमा रिट दिएको छ । विघटित प्रतिनिधि सभामा एमालेका प्रमुख सचेतक रहेका महेश बर्तौला र सचेतक सुनिता बराल निवेदक भएर एमाले अदालत गएको हो । एमालेले अन्तरिम सरकार गठन, प्रतिनिधि सभा विघटन असंवैधानिक रहेको तर्क गर्दै पुनर्स्थापनाको माग गरेको छ ।

अर्थात् पुराना राजनीतिक दल अन्तरिम सरकारप्रति पूर्णतः विश्वस्त हुन सकिरहेका छैनन् । यसकारण एकातिर चुनाव लड्न तयार रहेको भनेर निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेका छन् । अर्कोतिर प्रतिनिधि सभा विघटन असंवैधानिक रहेको तर्क गर्दै यसको संवैधानिक परीक्षण खोजेका छन् । सबैले बुझेको कुरा हो- संविधानको किताब हेर्दा अन्तरिम सरकार गठन र प्रतिनिधि सभा विघटन दुवै सही देखिन्न । तर जेनजी आन्दोलन संविधान हेरेर भएको होइन । यसकारण अन्तरिम सरकारको व्यवहारमा बाँकी राजनीतिक घटनाक्रम अगाडि बढ्ने प्रस्ट संकेत राजनीतिक दलहरूले सरकारलाई दिएका छन् ।

प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का सदस्यहरूले बारम्बार भन्दै आएको एउटै वाक्य हो- निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर छौं । यदि यो बोली व्यवहारमा उतार्ने हो भने सरकारले चुनावका लागि तयार भएका दलहरूलाई निर्वाचनसम्म सहज रूपमा लैजान सक्नुपर्छ । सरकारल बुझ्नुपर्छ- दलहरूले अझै संशय राखेका छन् । कतै चुनाव निष्पक्ष हुँदैन कि ! शान्ति सुरक्षाको अवस्था कस्तो होला ! नेताहरू निर्वाध रूपमा चुनावी प्रचार/प्रसारमा जान पाउँदैनन् कि ! यस्ता यावत् आशंका चिर्ने जिम्मेवारी सरकारको हो । यो परीक्षामा सरकार पास हुनुपर्छ । प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का सदस्यले बुझ्नुपर्छ- सरकार पास हुँदा मात्रै मुलुकको वर्तमान संकट सहज रूपमा अवतरण हुनेछ ।

# प्रदेश संरचनामा किन उठ्यो प्रश्न ?

*संघीयताले दिने अवसरहरूलाई उपयोग गर्दै प्रदेश तथा स्थानीय तहले आफ्नो क्षमता विस्तार गर्न सके मात्र 'गाउँ-गाउँमा सिंहदरबार'को अवधारणा व्यवहारमा उतार्न सम्भव हुनेछ ।*

अग्रलेख




● गम्भीर बहादुर हाडा

नेपालको संविधान २०७२ द्वारा परिकल्पित संघीय संरचनाअनुसार सातवटै प्रदेशमा प्रदेश सरकारहरू क्रियाशील छन् । यी प्रदेशहरूलाई विकास, सेवा प्रवाह तथा आर्थिक रूपान्तरणका महत्वपूर्ण जिम्मेवारी तोकिएको छ । विगतमा केन्द्रीकृत शासन व्यवस्थाले स्थानीय आवश्यकता र प्राथमिकताहरू बुझ्न नसक्ने, विकासका फाइदा सीमित समूहमा केन्द्रित हुने र क्षेत्रीय असन्तुलन बढ्ने अवस्थाले संघीयता रोजिन पुगेको हो । यद्यपि नेपालमा अपनाइएको सहकारितामूलक संघीयतामा स्थानीय तहहरू प्रदेशको प्रत्यक्ष मातहत छैनन् । यस कारण संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कहिलेकाहीँ जटिल र समानान्तर रूपमा काम गर्नुपर्ने स्थितिमा देखिन्छ ।

प्रदेश सरकारले विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ किनकि निजी क्षेत्रले भौतिक पूर्वाधार विस्तारमा पर्याप्त लगानी गर्दैन । पूर्वाधार निर्माण, बजार विस्तार, शान्ति-सुरक्षा, शिक्षा-स्वास्थ्य, समाज कल्याण तथा वातावरण संरक्षणजस्ता आधारभूत कार्य सरकारकै नेतृत्वमा अघि बढ्नुपर्ने हुन्छ । तर नेपालको संघीय मोडेलमा संघ, प्रदेश र स्थानीय तह सबैलाई साझा अधिकार दिइएको हुँदा कानुनी तथा नीतिगत स्पष्टता नहुँदा धेरै विषयमा कार्यान्वयनमा समस्या देखिएको छ । साझा सूचीका विषयमा संघले कानुन नबनाई प्रदेशले बनाउन नपाउने र प्रदेशले कानुन नबनाई स्थानीय तहले बनाउन नपाउने व्यवस्थाले कामको गति सुस्त बनाइरहेको छ । कर्मचारी समायोजनसम्बन्धी जटिलता पनि अझै समाधान हुन नसक्दा प्रशासनिक संघीयता पूर्ण रूपमा लागू हुन सकेको छैन ।

आर्थिक सर्वेक्षण २०८१/८२ का विवरणअनुसार देशको कुल गार्हस्थ्य उत्पादनमध्ये सबैभन्दा ठूलो हिस्सा बागमती प्रदेशको ३६.५ प्रतिशत छ भने कर्णाली प्रदेशको हिस्सा ४.२ प्रतिशत मात्र छ । चालु आर्थिक वर्षमा अधिकांश प्रदेशको आर्थिक वृद्धिदर बढ्ने अनुमान गरिएको छ । विगत सात वर्षको औसत वृद्धिदर कर्णाली प्रदेशमा सबैभन्दा उच्च ४.३ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ३.१ प्रतिशत रहेको पाइन्छ । कृषि क्षेत्रमा मधेश प्रदेशको योगदान सबैभन्दा धेरै छ भने सेवा क्षेत्रमा बागमती प्रदेश स्पष्ट रूपमा अगाडि रहेको छ । उद्योग क्षेत्रको योगदानमा गण्डकी प्रदेश अग्रस्थानमा छ भने कर्णाली पछाडि छ । प्रतिव्यक्ति आयमा बागमती प्रदेश सबैभन्दा अगाडि छ भने मधेश प्रदेश सबैभन्दा पछाडि रहेको छ ।




कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन न्यून भएकाले खर्च-राजस्व अनुपात उच्च देखिन्छ । मुद्रास्फीति दर हेर्दा कोशी प्रदेशमा सबैभन्दा बढी र गण्डकी प्रदेशमा सबैभन्दा कम रहेको पाइन्छ । प्रदेशगत रूपमा गत आर्थिक वर्षमा कुल खर्च १०.१ प्रतिशत घटेर रु. १ खर्ब ८४ अर्ब ११ करोड पुगेको छ । पुँजीगत खर्चको अनुपात गण्डकी प्रदेशमा सबैभन्दा उच्च छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम छ । चालु आर्थिक वर्षको फागुनसम्म सबै प्रदेशमा खर्च घटेको प्रतिवेदनले प्रदेश सरकारहरूको खर्च कार्यक्षमता कमजोर रहेको संकेत गर्छ ।

स्थानीय तहसम्बन्धी तथ्यांकमा आर्थिक वर्ष २०८०/८१ मा कुल खर्च ६.६ प्रतिशत घटेर रु. ४ खर्ब २३ अर्ब ७९ करोड पुगेको छ । स्थानीय तहमा चालु खर्चको हिस्सा बढ्दो छ भने पुँजीगत खर्च क्रमशः घट्दो छ । बजेट कार्यान्वयन क्षमतामा प्रदेशगत रूपमा सुदूरपश्चिम अगाडि छ भने बागमती प्रदेशका स्थानीय तहहरू पछाडि छन् । फागुन २०८१ सम्म पुँजीगत बजेटको मात्र २० प्रतिशत खर्च भएको तथ्यांकले योजनाको कार्यान्वयन क्षमतामा चुनौती अझै गम्भीर रहेको देखाउँछ ।

वित्तीय पहुँचका दृष्टिले बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाका शाखा सबैभन्दा धेरै रहेका छन् भने कर्णालीमा कम । उद्योग दर्ता गण्डकी प्रदेशमा सर्वाधिक छ भने मधेशमा न्यून । देशभर ९९ प्रतिशत जनसंख्यामा विद्युत् सेवा पुगेको भए पनि कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेश राष्ट्रिय औसतभन्दा तल छन् । सडक सञ्जाल विस्तार भइरहेको भए पनि पक्की सडकको हिस्सा अझै न्यून छ । शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको बहुमत रहँदा कर्णाली र सुदूरपश्चिममा अस्थायी शिक्षकको अनुपात उल्लेख्य रूपमा उच्च छ । मातृ मृत्युदर बागमती प्रदेशमा न्यून र लुम्बिनीमा सबैभन्दा उच्च छ, जसले स्वास्थ्य सेवाको क्षेत्रगत असमानता प्रष्ट पार्छ ।

राजनीतिक परिवेश, विविधतायुक्त सामाजिक संरचना तथा देशको भू-राजनीतिक अवस्थालाई मध्यनजर गरी सोह्रौं पञ्चवर्षीय योजनाले शान्ति-सुरक्षा, सामाजिक सद्भाव, राष्ट्रिय एकता, सुशासन, सेवा प्रवाहको डिजिटलीकरण तथा संस्थागत क्षमतावृद्धिलाई महत्वपूर्ण प्राथमिकता दिएको छ । सेवा प्रवाहमा पारदर्शिता, डिजिटल अभिलेख प्रणाली, गुनासो व्यवस्थापन, कार्यसंस्कृतिको सुधार तथा सूचनामा जनसुलभ पहुँच विस्तारसम्बन्धी प्रावधानहरू पनि योजनामा समावेश छन् ।

प्रदेश सरकारहरूले सामना गरिरहेका चुनौती समाधानका लागि दीर्घकालीन दृष्टिकोण, नीति तथा कार्यान्वयन क्षमतालाई मजबुत बनाउनु आवश्यक छ ।

> *विगतमा केन्द्रीकृत शासन व्यवस्थाले स्थानीय आवश्यकता र प्राथमिकताहरू बुझ्न नसक्ने, विकासका फाइदा सीमित समूहमा केन्द्रित हुने र क्षेत्रीय असन्तुलन बढ्ने अवस्थाले संघीयता रोजिन पुगेको हो । यद्यपि नेपालमा अपनाइएको सहकारितामूलक संघीयतामा स्थानीय तहहरू प्रदेशको प्रत्यक्ष मातहत छैनन् ।*

प्रदेशको आवश्यकताअनुसार राजस्व तथा कर संरचना परिमार्जन, कार्यमूलक संगठन संरचना विकास, दरबन्दी तथा जनशक्ति व्यवस्थापन, कर प्रशासन सुदृढीकरण, करदाताको विश्वास, अनलाइन अभिलेख प्रणाली, सेवाशुल्क निर्धारणको स्पष्ट आधार, प्रदेश-प्रदेश तथा तीनै तहबीच समन्वय, कृषि आयमा कर तथा राजस्व चुहावट नियन्त्रण, सुशासनका सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन, अनावश्यक खर्च कटौती, नतिजामूलक बजेट प्रणाली, त्रिवर्षीय खर्च योजना, तथ्यांकमा आधारित नीति निर्माण तथा सार्वजनिक उत्तरदायित्वमा जोडजस्ता विषयलाई मजबुत बनाउनु अपरिहार्य छ ।

योजनाबद्ध र पारदर्शी प्रणालीमा आधारित शासन व्यवस्था, विश्वसनीय तथ्यांक र योजनाबद्ध कार्यान्वयनका माध्यमबाट मात्र प्रदेश सरकारहरूले जनतामा विकास, सुशासन र सेवा प्रवाहको प्रभावकारी उपस्थिति जनाउन सक्छन् ।

संघीयताले दिने अवसरहरूलाई उपयोग गर्दै प्रदेश तथा स्थानीय तहले आफ्नो क्षमता विस्तार गर्न सके मात्र 'गाउँगाउँमा सिंहदरबार'को अवधारणा व्यवहारमा उतार्न सम्भव हुनेछ ।

## इतिहासमा आज


२६ नोभेम्बर २०१९ मा पश्चिमी अल्बानियामा ६.४ म्याग्निच्युडको भूकम्पमा कम्तिमा ५२ जनाको मृत्यु भयो भने १ हजारभन्दा बढी घाइते भए । यो सन् २०१९ को विश्वको सबैभन्दा घातक भूकम्प थियो र ९९ वर्षमा देशमा आएको सबैभन्दा घातक भूकम्प थियो ।



२६ नोभेम्बर २०११ मा अफगानिस्तानमा नेटो सेनाले गोलीबारी घटनामा पाकिस्तानी चेकपोस्टमा आक्रमण गऱ्यो, जसमा २४ सैनिकको मृत्यु भयो भने १३ जना घाइते भए ।



२६ नोभेम्बर १९९९ मा ७.५ मेगावाटको एम्ब्रिम भूकम्पले भानुआटुलाई हल्लायो र त्यसपछि विनाशकारी सुनामी आयो । जसमा १० जनाको मृत्यु भयो र ४० जना घाइते भए ।



२६ नोभेम्बर २००४मा चीनको रुझोउमा रहेको एक स्कुलको छात्रावासमा एक व्यक्तिले छुरा प्रहार गरी आठ जनाको हत्या गरे भने अन्य चार जनालाई गम्भीर घाइते बनाए ।



# ओलीले न बुझे, न बुझ्न खोजे

टिप्पणी



● लेखनाथ सिकारू

> *जेनजी आन्दोलन केवल सडकको आगो थिएन, यो नेपाली राजनीति, दल संरचना र नेतृत्व-मनोविज्ञान परिवर्तन गर्ने निर्णायक मोड थियो । तर ओली आन्दोलनलाई प्रतिगमन, युवालाई 'फेक', सत्ता परिवर्तनलाई षड्यन्त्र, नेतृत्व परिवर्तनलाई हमला भन्दै प्रतिरोधमा उभिएका छन् ।*

नेपालको समसामयिक राजनीतिक परिदृश्यमा नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका फेरि एकपटक विवादको केन्द्रमा उभिएको छ । जेनजी आन्दोलनपछि मुलुकमा राजनीतिक नेतृत्व र संवैधानिक परिवर्तनहरूको लहर चलेको छ, तर ती परिवर्तनलाई स्वीकार गर्ने भन्दा पनि प्रतिरोध गर्ने पक्षमा ओली उभिएका छन् । प्रतिनिधि सभा विघटन, आन्दोलनका एजेन्डा, नेतृत्व हस्तान्तरणदेखि चुनावी तयारीसम्म ओली अहिले अधिकार, शक्ति र सत्ताबाट विस्थापनको डरले निरन्तर संघर्षरत देखिन्छन् ।

ओलीले प्रतिनिधिसभा पुनःस्थापनाबाहेक सर्वोच्च अदालतसँग अर्को निर्णयको विकल्प नभएको ठोकुवा गरेका छन् । प्रधानमन्त्रीको एकल सिफारिसमा संसद् विघटन असंवैधानिक भएको दाबी गर्दै उनी कानुनी तथा सडक संघर्ष दुवै गर्ने उद्घोष गर्छन् । उनले भनेका छन्, 'हामी कानुनी लडाइँमा पनि जान्छौं, सडकमा पनि उत्रिनेछौं, आन्दोलन शान्तिपूर्ण र संविधानको पक्षमा हुनेछौं ।' तर आलोचकहरूको दृष्टिमा यो संघर्ष अधिकारकै लागि होइन, सत्ता पुनःप्राप्तिको प्रयास मात्र हो । संसद् पुनःस्थापनाको माग राजनीति स्थिरताका लागि कि व्यक्तिगत सत्ता पुनःस्थापनाका लागि, प्रश्न यहीँ उभिन्छ ।

भदौ २३-२४ को घटनालाई ओलीले योजनाबद्ध 'डिप स्टेट'को खेल भन्दै सरकार त्यही षड्यन्त्रबाट आएको आरोप लगाएका छन् । प्रदर्शनका क्रममा 'मलाई मेरो देश चाहिन्छ' भनिएको भिडियोमा प्रस्तुत युवाहरूलाई ओलीले 'तिब्बतियन ओरिजिनल ग्रुप'को नाम दिएर आक्रोश पेस गरे । तर आलोचकहरूको ठम्याइ छ आन्दोलन विदेशी योजनाबाट नभएर राजनीतिक असन्तोष, युवाहरूको असन्तुष्टि, नेतृत्व परिवर्तनको माग आदिबाट उत्पन्न थियो ।

पाँच दशकभन्दा लामो राजनीतिक यात्रा र नेतृत्व हुँदाहुँदै युवा पुस्तामा विश्वास निर्माण गर्न असफल हुनु ओलीले स्वीकार्नै नचाहेको वास्तविकता हो । परिणामतः घर जले, सत्ता गयो, राजनीति बदलियो, जेनजी आन्दोलनपछि ओली प्रत्यक्ष रूपमा राजनीतिक रूपमा नै होइन, शारीरिक रूपमा पनि दबाबमा परे । आन्दोलन उग्र बनेपछि उनी सेनाको हेलिकोप्टरमा रेस्क्यु भई चिल्लाङ ब्यारेक सारिए, बालकोटसहित झापा र तेह्रथुमको घर ध्वस्त भयो, १० दिन सेना क्याम्प बसेपछि भाडाको घरमा सर्नु पऱ्यो । तर यो अवस्थाले ओलीलाई आत्मसमिक्षातिर होइन, प्रतिरोधतिरै घचेट्यो ।

कांग्रेसका देउवा, माओवादीमा प्रचण्डले नेतृत्व हस्तान्तरणको संकेत दिए । तर एमालेमा नेतृत्व छोड्न ओलीलाई सुझाव दिइए पनि उनले स्पष्ट अस्वीकार गरे । ओलीको भनाइ छ- म सकुन्जेलसम्म पार्टी छाड्दिनँ । अर्थात, पार्टी परिवर्तनको चुनौती स्वीकार्नेभन्दा पुरानै संरचनाभित्र रक्षा मोडमै उनी उभिएका छन् ।

एमाले नेतृत्व तहमा पहिलोपटक स्पष्ट असन्तोष देखा परेको छ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, विष्णु पौडेल, पृथ्वी सुब्बा गुरुङ जस्ता शीर्ष नेता नै नेतृत्व हस्तान्तरणको माग गर्दै उभिए । सचिवालयका १८ मध्ये १० नेतालाई ओलीले तत्कालै सत्ता हस्तान्तरण गर्नुपर्ने मत रहेको चर्चा छ । सचिव योगेश भट्टराईले त सिधै भने- स्टप एन्ड स्टेप डाउन, अब तपाईं रोकिनुस् र पद त्याग्नुस् । स्वयं एमाले दलभित्र नै असन्तोष मात्र होइन, जेनजी पुस्ताको प्रत्यक्ष विद्रोह पनि देखापरेको छ ।

७६ जनाको मृत्यु, खर्बौंको सम्पत्तिको क्षति, आगजनी र विध्वंस नेतृत्वकै कारण भएको भन्दै ओलीमाथि कारबाहीको प्रश्न पनि नउठेको होइन । सरकार, संसद् र नेतृत्व कमजोर भएको भनाइ छ । एमालेभित्र अब प्रमुख बहस यही हो- ओलीको नेतृत्वले अब दललाई भविष्यमा जिताउन सक्छ ? युवापुस्ता, शहरिया मतदाता, सूचनामूलक नागरिकलाई विश्वस्त गराउन योग्य छ ? वा अब उनी नेतृत्व परिवर्तनको बाटो रोकेर आन्दोलनपछि पैदा भएको राजनीतिक अवसरलाई बालुवामा गाड्दै छन् ?

समितिहरू जहाँसुकै उनीकै आवाज अन्तिम, वैचारिक लचकताभन्दा राजनीतिक वर्चस्व, आलोचनालाई असहिष्णुता, नेतृत्व हस्तान्तरणलाई कटाक्ष- यी शैली जेनजी आन्दोलनपछि प्रभावहीन हुँदै गए । जनतादेखि कार्यकर्ता, शीर्ष नेतृत्वसम्मै विश्वास नभएपछि राजनीतिक भविष्य एक्लिँदै जाने स्वाभाविक छ ।

अहिले ओलीको राजनीतिक लडाइँ मुख्यतः तीन दिशामा केन्द्रित छ– अदालत, सडक, दलभित्रको शक्ति-संगठन । तर आजको नेपाली राजनीति अर्थतन्त्र, जनजीविका, वैदेशिक सम्बन्ध, बेरोजगारी जस्ता ठोस एजेन्डामा जनमत बटुलेर जितिन्छ । विघटन, स्थापना, डिप स्टेट, प्रतिगमनको नारा युवापुस्तासँग बढी टिकाउ छैन, आकर्षक छैन । 'के नेतृत्वले भविष्य देखाउन सक्छ ? के दलले नयाँ पुस्तालाई जिम्मेवारी दिन्छ ? के संगठनले जनताको क्रान्तिकारी अपेक्षा सम्बोधन गर्छ ?'- उनीहरूलाई प्रश्न केन्द्रित छ ।

युवा जागरण यो एकपटकको आन्दोलन होइन, नेतृत्व परिवर्तनको लहर हो । स्थापित दलहरूमाथि अविश्वास, युवा मतदाताले 'पुराना शैली'का नेताहरूप्रति कडा अस्वीकार व्यक्त गरेका छन् । अन्तरपार्टी लोकतन्त्र, नेतृत्व हस्तान्तरण अब घोषणाले होइन, दबाब र संरचनागत परिवर्तनले हुने छ । जेनजी आन्दोलनको परिणामस्वरूप नयाँ वास्तविकता बने । यही कारण ओलीको 'अहिले चुनावमा गयो भने दल कमजोर हुन्छ' भन्ने मनोदशालाई आलोचकहरूले 'जेनजीबाट जस्तै चुनावबाट पनि भाग्दै' भनेर व्याख्या गर्न थालेका छन् ।

जेनजी आन्दोलन केवल सडकको आगो थिएन, यो नेपाली राजनीति, दल संरचना र नेतृत्व-मनोविज्ञान परिवर्तन गर्ने निर्णायक मोड थियो । तर ओली आन्दोलनलाई प्रतिगमन, युवालाई 'फेक', सत्ता परिवर्तनलाई षड्यन्त्र, नेतृत्व परिवर्तनलाई हमला भन्दै प्रतिरोधमा उभिएका छन् । यही ठाँउमा राजनीतिक विश्लेषकहरूको निष्कर्ष स्पष्ट छ- अब नेपाली राजनीति 'एकल नेताको प्रभाव'मा होइन, 'बहु-नेतृत्वको प्रतिस्पर्धा'मा प्रवेश गरिसकेको छ ।

यस वास्तविकतालाई स्वीकार्न नसक्ने नेताको राजनीतिक भविष्य चाहे जतिसुकै अनुभव, जतिसुकै लोकप्रियता किन नहोस्, अन्ततः पतनतर्फ जान्छ । ओली यही मोडमा उभिएका छन् । स्वीकार गर्ने कि प्रतिरोध गर्ने, हस्तान्तरण गर्ने कि भिड्ने, नयाँ पुस्तासँग सँगै अघि बढ्ने कि इतिहासमा कैद हुने, निर्णय अब उनकै हातमा छ ।

## सामाजिक सञ्जाल



मुमाराम खनाल

डरलाग्दो कुरा यो होइन कि फेरि मुलुक उनै असक्षम, भ्रष्टाचारी र व्यक्तिवादी केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालको वरिपरि पुग्यो । बरु डरलाग्दो कुरा यो हो कि मुलुकका दल, दलीय नेता/कार्यकर्ता, नागरिक समाज, 'जेनजी' पुस्ता आदिदेखि सबै तह र तप्कालाई यस्तै सहने बानी परिसक्यो ।



सेतेमान तामाङ

निर्वाचन आयोगमा सभापति शेरबहादुर देउवाको हस्ताक्षर सहित दल दर्तासँगै कार्यवाहक सभापति पूर्णबहादुर खड्काको भूमिकाको औचित्य समाप्त भएको भन्न फरक नपर्ला । अब खड्का दाइले कार्यवाहक सभापतिको जिम्मेवारीमा बस्नुको अर्थ देखिँदैन । कार्यवाहक सभापतिको अवधिभर उहाँको कार्यक्षमता पनि प्रस्ट देखियो ।



तारानाथ दाहाल

जेनजी आन्दोलनले नेपालमा ल्याएको परिवर्तनः परम्परागत कम्युनिस्ट र राजावादी आन्दोलन अब प्रतिरक्षात्मक भयो, सकियो । लोकतन्त्रले दलहरू निर्माण गर्ने चरणलाई गति दियो । सिभिक स्पेस पूरै डिजिटलमा रूपान्तरण भयो । प्रगतिशील, समावेशी र उदारवादी न्यारेटिभ स्थापित भएन भने दक्षिणपन्थी हाबी हुन सक्छ ।



डम्बर खतिवडा

जेनजीभन्दा भयंकर विद्रोह हुन सक्दैन । जनयुद्धभन्दा ठूलो सशस्त्र संघर्ष हुन सक्दैन । २०६२/६३ भन्दा महान् जनआन्दोलन, मधेसभन्दा व्यापक सीमान्तकृत आन्दोलन हुन सक्दैन । यति गर्दा नि कसैको चेत फिरेन, के छ त उपाय ? विद्रोह, आन्दोलन, क्रान्ति, चुनाव केहीले परिणाम न दिने कस्तो देश हो यो ?

# जेनजी आन्दोलनपछि पार्टीबाट राजीनामा दिएका वडाध्यक्ष बर्खास्त

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, ९ मंसिर


कालुमान लामा र केशव अधिकारी

उदयपुरको चौदण्डीगढी नगरपालिका-७ का वडाध्यक्ष केशव अधिकारीलाई मेयर कालुमान लामाले बर्खास्त गरेका छन् । मेयर लामाले अधिकारीलाई मंसिर ५ गते पदमुक्त गरेको पत्र पठाएका थिए। २०७९ सालको स्थानीय तहको निर्वाचनमा उनीहरू दुवै जना नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधि हुन्। तर अध्यक्ष अधिकारीले जेनजी आन्दोलनपछि भदौ २५ गते पार्टी परित्याग गरेको घोषणा गरेका थिए ।

त्यसबेला अधिकारीले आफू देश र जनताको पक्षमा रहेको भन्दै एमालेको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका थिए। उनी एमाले उदयपुरको मनोनीत जिल्ला सदस्य हुन्।

पछिल्लो समय उनले एमालेविरुद्ध अभिव्यक्ति दिँदै आएका छन् । जेनजी आन्दोलनको क्रममा पार्टी कार्यालयमा तोडफोड र आगजनीमा संलग्न आरोपमा उनलाई पार्टीले समेत कारबाही गरेको थियो ।

मेयर लामाले वडा कार्यालयमा आएर काम नगरेपछि जनतालाई सेवा दिनका लागि कार्यवाहक दिएको बताएका छन् । लामाले वडा सदस्य बलराम मगरलाई कार्यवाहकअध्यक्षको जिम्मेवारी समेत प्रदान गरेका छन् । लामाले भने, 'कार्यवाहक दिएपछि उहाँ फेरि अध्यक्ष भन्दै काममा फर्किनु भएको सुनेको छु ।'

दल दर्तासम्बन्धी ऐन २०७३ मा भएको व्यवस्थाअनुसार पद मुक्त गरेर निर्वाचन आयोगलाई जानकारी दिएको मेयर लामाको दाबी छ ।अधिकारीले पार्टी परित्याग गरेको र सो निर्णय जिल्ला कमिटीले स्वीकृत गरिसकेकाले 'राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम वडाध्यक्षको रूपमा स्वीकार नगर्ने' निर्णय भएको लामाको भनाइ छ ।

यता अधिकारीले भने आफू नभएको मौका छोपी आफू बस्ने कुर्सी र नेमप्लेट मेयरले नगर प्रहरी खटाएर लगेको आरोप लगाएका छन् । उनले भने, 'मेरो कुर्सी र नेम प्लेट समेत मेयर सा'बले नगर प्रहरी लगाएर उठाएका छन् ।' आफू बस्ने कुर्सीसमेत उठाएर लगेपछि अधिकारीले प्रहरीमा 'चोरी'को उजुरी दिएका छन्। स्रोतका अनुसार उनीहरुबीच लामो समयदेखि आन्तरिक टकराब चलिरहेको थियो ।

# ओप्सना फिल्म एन्ड म्युजिक अवार्डको निर्णायकमा भट्ट



**काठमाडौं/मस–** 'संगीत नै हो हाम्रो नाम, संगीत नै हो हाम्रो पहिचान' भन्ने मूल नाराका साथ 'ओप्सना फिल्मस् प्रालि'ले काठमाडौंमा आयोजना गरेको ' दोस्रो राष्ट्रिय ओप्सना फिल्म एण्ड म्युजिक अवार्ड-२०२५' मा लोकप्रिय गीतकार गोविन्द भट्टले निर्णायकको भूमिका निर्वाह गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा विशिष्ट चलचित्रकर्मी एवं प्रतिष्ठित चलचित्र निर्माता हरिहर शर्मा तथा सभाध्यक्ष आयोजक 'ओप्सना फिल्म प्रा.लि' का प्रबन्ध निर्देशक ओमप्रकाश राईले शर्मा, राई र कार्यक्रम संयोजक पेमा शेर्पाद्वारा हस्ताक्षरित प्रसंशासहितको प्रमाणपत्र प्रदान गरेका छन् ।

गीतकार भट्टले यसअघि '११औं छायाछवि तिज म्युजिक अवार्ड-२०८१' र 'छैटौं जिनियस म्युजिक अवार्ड-२०८२' मा निर्णायकको भूमिका निभाइसकेका छन् । यति मात्रै होइन, उनले 'विशेष नागरिक क्रियसन अवार्ड-२०८२', 'तेस्रो स्टार म्युजिक एन्ड फिल्म अवार्ड-२०२५', 'चौथो स्पर्स म्युजिक भिडियो अवार्ड-२०८१', 'चौथो स्पाइनी ब्याब्लर इन्टरनेसनल फिल्म फेस्टिभल-२०२४'मा 'राष्ट्रिय कला सम्मान', 'गोल्डेन हर्स इन्टरनेशनल अवार्ड-२०२२', 'गोल्डेन इन्टरनेशनल म्युजिक अवार्ड-२०२४' समेत प्राप्त गरिसकेका छन् ।

गीतकार भट्टको दुई दर्जनभन्दा बढी गीत आइसकेका छन् भने करिब एक सय आउने क्रममा छन्। लोकदोहोरी प्रतिष्ठान, गीतकार संघ र नेपाल चलचित्र नृत्य संघको आजीवन सदस्य तथा रोयल्टी नेपालको सदस्य उनी आफ्नो विधा-पेशागत र अन्य विभिन्न सामाजिक संस्थामा समेत उत्तिकै क्रियाशील छन् ।

# सुर्खेतमा १२ वर्षीया बालिका बलात्कारको आरोपमा पुरुष पक्राउ

**सुर्खेत/मस–** सुर्खेतमा १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पञ्चपुरी नगरपालिका-५ बस्ने ४० वर्षीय महेन्द्र अर्याल रहेका छन्। उनलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

महेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बाबियाचौरबाट खटिएको प्रहरीले उलाई पञ्चपुरी नगरपालिका-१ बाचकाडाबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# डोल्पामा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु



**डोल्पा/मस–** डोल्पाका विभिन्न स्थानीय तहमा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ ।

'प्रविधिको सही प्रयोग गरौं, लैंगिक हिंसा अन्त्य गरौं' भन्ने मूल नाराका साथ डोल्पामा पनि लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको हो । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा समेत शुभारम्भ गरिएको छ ।

नगरपालिकाको वास एकाई शाखा (सुस्वा)को आयोजना तथा त्रिपुराकोट प्रहरी चौकीको साझेदारीमा मंगलबार पालिकाको प्रशासनिक केन्द्र समेत रहेको त्रिपुराकोट बगर बजारमा विभिन्न नाराका प्ले-कार्डसहित १६ दिने अभियानको सुरुवात गरिएको वास एकाई शाखाका प्रमुख धनप्रसाद बुढाले जानकारी दिए ।

सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको विभिन्न अभियान सुरु भएको हो ।

नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालिएको भएपनि २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकले हरेक वर्ष नोभेम्बर २५ तारिकलाई महिला हिंसाविरुद्धको १६ दिने अभियान दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । यसैलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउन थालिएको हो ।

महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु, लैंगिक हिंसाविरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैंगिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैंगिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेका छन्।


## UAE मा रोजगार — ALEC ENGINEERING AND CONTRACTING L L C - DUBAI BRANCH

पूर्व स्वीकृती मितिः २०८२/०८/०९ | चलानी नं. ६०२४७७२७ | LT.No. 333534

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Steel Fixer | 100 | 0 | काममा दक्ष | 1500 | ५८,२९६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Stone Mason | 90 | 0 | | 1500 | ५८,२९६।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ मंसिर १७ गते (3 Dec., 2025 ) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५७
श्रम इजाजत नं.: ५७६/०६२/६३

## साउदीमा रोजगार — कम्पनी: EWAN HUMAN RESOURCES COMPANY

शहर: RIYADH | पुन विज्ञापन
पूर्व स्वीकृत मितिः २०८१/०८/१६ | चलानी नं.: ६०२२९०५७ | LT. No.:314525

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## ओमनमा रोजगार — कम्पनी: ALKHABA AL ZARQAA AL SHAMILA LLC

शहर: OMAN,AL RUSTAQ | पून विज्ञापन
पूर्व स्वीकृत मितिः २०८१/११/१५ | चलानी नं.: ६०२३३५९९ | LT. No.: 319415

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning & Refrigeration Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ६२,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 5 | 0 | | 130 | ४८,११० | | | | | | | |
| 3. | Electronics & Home Appliance Techni | 1 | 0 | | 170 | ६२,९१३ | | | | | | | |
| 4. | Grilled Fish Maker | 3 | 0 | | 150 | ५५,५१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Well Growing Recruitment (P.) Ltd.
श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.
Mobile: 9866550748, 9741827319, 9810673421, 9827707245 & 9864903199

## कुवेतमा रोजगार — कम्पनी: ARAB HARVEST GENERAL TRADING & CONTRACTING COMPANY

शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ | चलानी नं.: ६०२४७७२८ | L.T. No.: 334076

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 95 | ४४,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

VOLTECH HUMAN RESOURCE PVT. LTD. Gov. Lic No. 1799/082/083
P.O. Box: 19845, Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-5928510, +977-1-4372222
E-mail: voltechhumanresources@gmail.com, Website: www.voltechhr.com

## मलेसियामा रोजगार — कम्पनी: GLOBAL GOODWAY SDN. BHD.

शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः२०८२/०८/०९ | चलानी नं.: ६०२४७७४० | LT. No.: 334193

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 25 | 0 | स. काममा दक्ष | 1700 | ५८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Y.K. MANPOWER AGENCY PVT.LTD.
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

## मलेसियामा रोजगार — कम्पनी: MAB AGRICULTURE-HORTICULTURE SDN BHD

शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०७/२८ | चलानी नं.: ६०२४७३८५ | LT. No.: 333725

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 250 | 0 | स. काममा दक्ष | 1700 | ५७,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ७ देखि १२ गते सम्म (23 to 28 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १४ गते (30 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Y.K. MANPOWER AGENCY PVT.LTD.
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com

## कुवेतमा रोजगार — कम्पनी: WAHOO INTERNATIONAL CONSUMER ORDERS DELIVERY COMPANY

शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ | चलानी नं.: ६०२४७७५२ | LT. No.: 334188

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 30 | 0 | स. काममा दक्ष | 135 | ६२,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

Dana Human Resource Nepal Pvt. Ltd. Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com
Contact No: 9802373747,9802397164,9802398611,9802373751,9802398610,9802373753.

## साउदीमा रोजगार — कम्पनी: GOLDEN HANDS EST

शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ | चलानी नं.: ६०२४७७५४ | L.T. No.: 334123

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | male general cleaner worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १७ गते (3 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

C.D. HUMAN RESOURCES PVT. LTD. Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09, Sinamangal, Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no: 9702686294, 9808793080, 9704541905, 9818272436, 9761746298

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR SAUDI !!
## शून्य लागत अन्तर्गत साउदीमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

रोजगारदाता कम्पनी । Employer Company : Al Abeer Est for Contracting | अल अबिर इस्ट् फर कन्ट्र्याक्टिङ
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Employer Company Address/Job Site : Saudi Arabia | साउदी अरब

| पूर्व स्वीकृत मितिः २०२५/०८/०९ Pre Approval Date: 2025-11-25 | चलानी नंः ६०२४७७२३ Invoice No.: 60247723 | एल टि नंः ३३४०९३ LT No.: 334093 |
|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | पुरुष Male | महिला Female | निम्नतम योग्यता Minimum Qualification | SR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा र यातायत सुबिधा Accomodation Facility & Transportation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor/ Warehouse Assistant लेवर/ वेयर हाउस असिस्टेन्ट् | 80 | 0 | English Communication Skills Required आधारभूत अँग्रेजी भाषा | 1200 | ४५,५८८ | कम्पनीको नियम अनुसार जब आवश्यक हुन्छ As per the company rule as & when needed | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | SAR 300/- ३००/- | छ Yes | दुई वर्ष 2 years |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू**

1. Nature of Job: Receiving, storing, picking, packing, and shipping goods while ensuring inventory accuracy and smooth warehouse operations.
   कामको प्रकृति : सामान प्राप्त गर्ने, भण्डारण गर्ने, टिप्ने, प्याक गर्ने र ढुवानी गर्ने काम गर्दा सूचीको शुद्धता र सहज गोदाम सञ्चालन सुनिश्चित हुन्छ।
2. Overtime shall be voluntary. Overtime Payment Calculated as: Salary x 1.5
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना : तलब x १.५
3. Rest Day: One day in a week in accordance to the labor law of Saudi Arabia.
   विश्राम दिन : साउदीको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: As per Saudi's Gazetted holidays.
   सार्वजनिक बिदा : साउदीको राजपत्रित बिदा अनुसार ।
5. Annual Leave: 21 days per year.
   वार्षिक बिदा : २१ दिन प्रति वर्ष ।
6. Sick Leave & Hospitalization leave:30 days of paid medical leave available upon submission of valid medical certificates
   बिरामी बिदा: चिकित्सा प्रमाणपत्र पेश गरेपछि ३० दिनको तलबी चिकित्सा बिदा उपलब्ध छ ।
7. Medical and Accident Insurance: Medical Insurance provided by the company along with Insurance from GOSI (in case of onduty casualties ) provided.
   GOSI बाट बीमा सहित कम्पनीद्वारा प्रदान गरिएको चिकित्सा बीमा (अनड्युटी हताहतको अवस्थामा) प्रदान गरिएको छ । साउदी सरकारले अपनाएको कुनै पनि अन्य बीमा योजना जुन नीयोक्ताद्वारा बीमा गरिनेछ ।
8. Grievance channels and reporting mechanisms are maintained, ensuring without fear of retaliation
   प्रतिशोधको डर बिना सुनिश्चित गर्दै गुनासो च्यानलहरू र रिपोर्टिङ संयन्त्रहरू राखिएका छन् ।
9. Freedom of movement and allowed to repatriate without any deposits.
   आवतजावतको स्वतन्त्रताको अधिकार / कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले व्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ र ने.रु.३७०८/- उमेर ३६ देखि ५० र ने.रु.४९३१/- उमेर ५१ देखि ६४र ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००/- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**Pre-selection is continuously being conducted.**
**प्रिअन्तर्वार्ता निरन्तर सञ्चालन भइरहेको छ।**

**Final Interview will be held in the following venue on 3rd December 2025**
फाइनल अन्तर्वार्ता निम्न स्थानहरुमा मिति २०८२ साल, मंसिर १७ गते हुनेछ।

1. IMR Office Premises, Gwarko, Lalitpur. (आईएमआर अफिस ग्वार्को, ललितपुर)
2. Kamla Muncipality- ward number -2 Muncipality Office, Dhanusha, Madhesh Province (कमला नगरपालिका वडा नं २ को कार्यलय, धनुषा, मधेश प्रदेश)

Note : *Only candidates who have been pre-selected will be eligible to attend the final interview.*
*नोट : प्रि-न्तर्वार्तामा छनौट भएका आवेदकहरुलाई मात्रै अन्तिम अन्तर्वार्तामा सामेल गराइनेछ ।*

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: (नोटः)
1. 1. This is a zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment and IMR and its employees are not authorized to accept any gift, cash, in order for the applicants to secure a job.
१. यो शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरि एको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन। साथै कुनैपनि आवेदकको जागिर सुनिश्चितताको लागि आइएमआर र यसका कर्मचारीहरुलाई कसैसँग पनि कुनैपनि किसिमको उपहार तथा नगद लिने अधिकार छैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport (if any), national identity card, voter's card, driving license, etc.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters

कृपया धोखाधडी, अबैध क्रियाकलाव वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन नं. ९७७ ९८०११३७७६९ मा वा इमेल grievance@imrsolution.com मा प्रतिशोध वा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता कायम राख्नेछौं।
Feel free to report against fraud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।
